# विष्णुपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
विष्णुपुर,सप्तरी
मधेस प्रदेश, नेपाल

### औषधि खरिद सम्बन्धी शिलबन्दी दरभाउ -पत्र आब्हान सम्बन्धि सुचना
### (प्रथम पटक प्रकाशित मिति २०८३/०२/०५ गते)

यस गाउँपालिकाको कार्यालयलाई आ.ब.२०८२/०८३ को लागि आवश्यक पर्ने औषधिहरु शिलबन्दी दरभाउ पत्रको माध्यमवाट खरिद गर्नु पर्ने भएकोले सप्लाई गर्ने इच्छुक इजाजत प्राप्त योग्यता पुगेका सप्लायर्स एवं बिक्रेताहरुवाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्बकको दरभाउ –पत्रको सुचना आब्हान गरिन्छ ।

शर्तहरु :

१ यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ७ औ दिन सम्म कार्यालय समय भित्र कुमारी बैंक लिमिटेडमा विष्णुपुर गाउँपालिकाको आन्तरिक राजश्व खाता नम्बर २६३०२४७२०५६००००६ मा रकम रु १,०००।-(एक हजार मात्र) जम्मा गरि (पछि फिर्ता नहुने गरि) दरभाउ –पत्र खरिद गर्न सकिनेछ ।

२ दरभाउ –पत्र फारम खरिद गर्न लिखित निबेदन साथ आ.ब.०८१/०८२ को लागि नविकरण गरिएको सम्बन्धित बिषयको कारोवार संचालन गर्न पाउने इजाजत-पत्र वा फर्म दर्ता प्रमाण-पत्र,नागरिकताको प्रमाण-पत्र तथा मुल्य अभिबृधि कर दर्ता प्रमाण-पत्र आ.ब.०८१/०८२ को कर चुक्ता प्रमाण-पत्र समेतको प्रतिलिपि संग्लन गरि प्रोप्राईटर स्वयं उपस्थित भई आधिकारिक अखितयारी सहितको प्रतिनिधि पठाई खरिद गर्न सकिनेछ।

३ यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ८ औ दिनको १२:०० बजे भित्र यस गाउँपालिकाको कार्यालयमा दरभाउ -पत्र दर्ता गराई सक्नु पर्नेछ। दरभाउ-पत्र हुलाक ,कुरियर मार्फत तोकिएको स्थानमा निर्धारित समय भित्र दाखिला भएका दरभाउ-पत्र पनि दर्ता गरिने छ। म्याद भित्र दर्ता भएका दरभाउ -पत्रहरु सोहिदिनको २:०० बजे दरभाउ पत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस गाउँपालिका कार्यालयमा खोलिने छ । दरभाउ पत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेमा पनि दरभाउ-पत्र खोल्न वाधा पर्ने छैन ।

४ दरभाउ-पत्र फारम खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ ।

५ दरभाउ-पत्र फारम पेश गर्दा खामको वाहिर यस गाउँपालिका कार्यालयको नाम सम्बोधन गरि दरभाउ-पत्र नम्बर र कामको विवरण तथा नाम स्पष्ट खुलाई शिलबन्दी खाम पेश गर्नु पर्ने छ।

६ दरभाउ पत्र दाताले दरभाउ पत्र जमानत धरौटी वापत नगद जमानत भए गाउँपालिकाको नाममा कुमारी बैंक लिमिटेड ,शाखा कार्यालय विष्णुपुरमा रहेको धरौटी खाता नम्बर २६३०२४७२०५६००००४ मा जम्मा गरि सोको सक्कल भौचर वा बैंक जमानत भए कम्तिमा ९० दिनको म्याद भएको बाणिज्य बैंक ("क"श्रेणी) वाट विष्णुपुर गाउँपालिकाको कार्यालयको नाममा जारी भएको बैंक जमानत (विड वण्ड) दरभाउ-पत्र साथ संग्लन राखनु पर्ने छ ।दरभाउ-पत्र स्वीकृत भएमा स्वीकृत भएको सुचना प्राप्त भएको ७ दिन भित्र कुल कबोल अंकको ५ प्रतिशत धरौटी वापत रकम माथि उल्लेखित बाणिज्य बैंकवाट जारि भएको कार्यसम्पादन जमानत (परफरमेन्स वण्ड) वा माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर पेशगरि सम्झौता गर्नु पर्ने छ ।

७ दरभाउ पत्रदाता ले आफुले कवोल गरेको प्रत्येक आईटमको मु.अ.कर वाहेक दररेटलाई अंक र अक्षर दुवैमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा लेखेको दररेट फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईनेछ ।BOQको सबै आईटम नभरिएको दरभाउ पत्रलाई रितपुर्बकको दरभाउ पत्र मानिने छैन ।

८ दरभाउ पत्र दाताले दररेट उल्लेख गर्दा केरमेट गरेको टिपेक्स लगाएको ठाउँमा सहिछाप नगरेको दरभाउ पत्र फारमको फोटोकपी गरि पेश गरेको,यस गाउँपालिकाको कार्यालयवाट बिक्रि भएको दरभाउ पत्र फारम अर्को व्यक्ति वा फर्मको तर्फबाट पेश गरेको वा आफ्नो तर्फवाट कुनै शर्त राखि पेश गरेको दरभाउ पत्रलाई मान्यता दिईने छैन ।

९ आपूर्तिकर्तले WHO GMP प्राप्त कम्पनिको औषधि मात्र आपुर्ती गर्नु पर्नेछ।नेपालमा उत्पादित बाहेकको कम्पनिहरुवाट उत्पादित औषधि आपुर्ती गर्नु पर्ने भएमा औषधि ब्यवस्था बिभागमा अनिवार्य रुपमा दर्ता भएको हुनु पर्नेछ ।

१० आपुर्ती गर्ने औषधिको मान्य हुने अबधि (Expiry date) मिति स्टोर दाखिला भएको दिनवाट कम्तिमा १८ महिना बाँकी हुनु पर्नेछ ।

११ आपुर्ती हुने औषधिहरुको स्ट्रिप र बोतलको प्रत्येक प्याकिंग बाहिर उत्पादन मिति Expiry dateतथा ब्याच न. अनिवार्य उल्लेख हुनु पर्ने छ ।साथै नेपाल सरकारवाट निः शुल्क बितरणको लागि भन्ने लोगो प्रत्येक स्ट्रिप र बोतलमा अनिवार्य लगाउनु पर्नेछ ।

१२ म्याद नाघी र रित नपुगी प्राप्त दरभाउ पत्र उपर कुनै कार्यवाही हुने छैन ।

१३ नेपाल सरकारको हितलाई ध्यानमा राखि प्राप्त दरभाउ पत्र हरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकाको कार्यालयमा निहित रहनेछ

१४ कुनै दरभाउ पत्र दाताले दरभाउ पत्रमा कुनै संसोधन गर्न वा फिर्ता लिन चाहेमा दरभाउ पत्र दर्ता गर्नु अन्तिम समय समाप्त हुनुभन्दा २४ घण्टा अगाबै शिलबन्दी निबेदन दिनु पर्नेछ ।

१५ दरभाउ पत्र स्वीकृत भई कार्यालयले तोकेको समय भित्र औषधिको आपुर्ती गर्नु पर्नेछ।

१६ आपुर्ती गरिने औषधिहरु तोकिएको समय भित्र केहि अंश वा सम्पूर्ण आपुर्ती हुन नसकेमा सार्बजनिक खरिद ऐन ,२०६३ र सार्बजनिक खरिद नियमावली,२०६४ बमोजिम कार्यवाही हुनेछ ।

१७ खरिद कार्यबाहीमा भाग लिन अयोग्य नभएको,स्वार्थ नवाझिएको र ब्यबसाय सम्बन्धि कसुरमा सजाय नपाएको भन्ने लिखित स्व-घोषणा गरेको पत्र दरभाउ पत्र साथ अनिवार्य रुपमा संग्लन गर्नु पर्नेछ।

आपुर्तीकर्ताले सप्लाई गरेको औषधि तथा अन्य समानहरुको गुणस्तरमा शंका लागि परिक्षण गर्नु पर्ने भएमा आपुर्तीकर्ता स्वयंले परिक्षण गराई परिक्षणको प्रमाण पत्र पेश गर्नु पर्ने छ ।परिक्षणमा लाग्ने खर्च आपुर्तीकर्ता स्वयंले व्योहोर्नु पर्नेछ ।

१९ जमानत दाखिला गर्दा दरभाउ पत्र दाताले लागत अनुमानको १५% भन्दा बढी घटेर कबुल गरेको अबस्थामा १५%भन्दा जति रकमले घटी कबुल गरेको छ सोको ५०%ले हुन आउने रकम कबोल अंकको ५% थप गरि कार्य सम्पादन जमानत वापत दाखिला गर्नु पर्नेछ।

२० यो सुचनामा उल्लेख हुन् छुट भएका अन्य कुराहरुको हकमा सार्बजनिक खरिद ऐन,२०६३ र सार्बजनिक खरिद नियमावली,२०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

तपसिल

| सि.न. | दरभाउ-पत्र नम्बर | बिबरण | लागत अनुमान मु.अ.कर समेत | दरभाउ -पत्र दस्तुर | खरिद गर्ने अन्तिम मिति | दरभाउ पत्र दर्ता गर्ने अन्तिम मिति | खोल्ने मिति र समय | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | १/२०८२/२०८३ | औषधि खरिद | २१,७४,०००।- | १,०००।- | प्रथम पटक प्रकाशित मितिले ७ औ दिन कार्यालय समय भित्र | ८ औ दिन दिनको १२:०० बजे | ८ औ दिन दिनको २:०० बजे | ६६,०००।- |

उज्जवल आनन्द
प्रमुख प्रशासकीय अधिकृत